# बारेकोट गाउँपालिका
# BAREKOT RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
लिम्सा, जाजरकोट
LIMSA, JAJARKOT

प.सं: २०७९/०८०
च.नं:

कर्णाली प्रदेश नेपाल
KARNALI PROVINCE ,NEPAL

**आयोजनाहरु को निर्माण सामाग्रीहरु खरीद सम्बन्धी सिलबन्दी दरभाउ पत्र आह्वान**

**(प्रथम पटक प्रकाशन मिति : (२०७९/०९/०८ गते)**

यस गाँउ कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०७९।०८० को स्वीकृत कार्यक्रमअनुसार देहायमा उल्लेखित निर्माण कार्यहरुको लागी गैर स्थानिय निमार्ण सामाग्रीहरुको खरीद कार्य गर्नको लागी सिलबन्दी दरभाउ पत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त ईच्छुक निमार्ण ब्याबसायीहरु बाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको सिलबन्दी दरभाउ पत्रको आह्वान गरिन्छ ।

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म सिलबन्दी दरभाउ पत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनीदर्ताको प्रमाणित प्रमाणपत्र, मूल्यअभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्वर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७८/०७९ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादकफर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसार को तपसिलमा उल्लेख दरभाउ पत्रका दस्तुर (पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार सिलबन्दी दरभाउपत्रको फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

२) सिलबन्दी दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्वन्धमा राम्ररी बुझि शिलबन्दी दरभाउपत्रका भरेको मानिनेछ ।

३) सिलबन्दी दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले सम्वन्धित निर्माणस्थल सम्म गैर स्थानिय निमार्ण सामाग्री ढुवानी गर्नु पर्ने छ भनि राम्ररी वुझि शिलबन्दी दरभाउपत्रका भरेको मानिनेछ ।

४) खरिद गरिएका सिलवन्दी दरभाउपत्रको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई शिलबन्दी दरभाउपत्र दर्ता गराउन सकिने छ ।

५) सिलबन्दी दरभाउपत्र फाराम साथ जमानत वापतको रकम यस गाँउपालिका कार्यालयको नाममा जाजरकोट स्थित कृषी विकास बैंक, लिम्सा शाखामा रहेको धरौटी खाता .हि.नं.०७२६४०१५४८०९७०३० मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको ( सिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्नगर्नु पर्नेछ ।यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशितभएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

६)दर्ता हुनआएका सिलबन्दी दरभाउ पत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

७)प्राप्त सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा शुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघिआएका सिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन । सिलबन्दी दरभाउ पत्र प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षर गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिइनेछ ।

८) सिलबन्दी दरभाउ पत्र सम्वन्धी अन्यशर्तहरु सिलबन्दी दरभाउ पत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।



Scanned with CamScanner

९) सिलबन्दी दरभाउ पत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको वेव साइट तथा सूचना पाटीमा टाँस गरिनेछ ।

१०)अन्य कार्यविधिहरु स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४, सार्वजनिक खरिद ऐन २०६३ ( संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४(संशोधित), अनुसार हुनेछ ।

११) सिलबन्दी दरभाउ पत्र सम्बन्धी थप जानकारीका लागी यस गाँउपालिका कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

| क.सं. | बोलपत्र/ठेक्का नं. | योजनाको नाम | बोलपत्र फारम खरिद दस्तुर रु. | ईष्टिमेट रकम (भ्याट सहित) | जमानत रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| 1. | BRM/SQ/GOODS/079-080/02 | जडिबुटी संकलन केन्द्र भवन निर्माण । बारेकोट-४, दह, जाजरकोट । | रु १,०००।- | रु १६,७६,८०२।५९ | रु.४१,९००।- | |
| 2. | BRM/SQ/GOODS/079-080/03 | राजुरा शिर्ष देखी बालुवा सम्म तटवन्धन निर्माण कार्य । बारेकोट-५, बालुवा, जाजरकोट । | रु १,०००।- | रु१९,६७,०२४।०० | रु४९,२००।- | |
| 3. | BRM/SQ/GOODS/079-080/04 | फड्का खोला लघु जलविधुत कुलो मर्मत आयोजना । बारेकोट-१, रामिडाँडा , जाजरकोट | रु १,०००।- | रु१९,८८,०७४।८६ | रु.४९,७००।- | |
| 4. | BRM/SQ/GOODS/079-080/05 | गाग्रा खोला लघु जलविधुत मर्मत आयोजना । बारेकोट-३, मुल्साम , जाजरकोट | रु १,०००।- | रु १९,९५,४६४।५२ | रु.४९,९००।- | |

मोहन प्रकाश गिरी

प्रमुख प्रशासकियए अधिकृत

मोहन प्रकाश गिरी

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner